# अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

त्रिवेणी नगरपालिका

राजपत्र

| | | |
|---|---|---|
| खण्ड २०७८ | संख्या ०१ | मितिः २०७८./१०/०५ |

**भाग-१**

**त्रिवेणी नगरपालिका**

वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक व्यवस्थापन कार्यविधि, २०७८

## त्रिवेणी नगरपालिका नगरकार्यपालिकाको

## कार्यालय तोली, बाजुरा

वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक व्यवस्थापन कार्यविधि, २०७८

**प्रस्तावना**

त्रिवेणी नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरु र वालविकासकेन्द्रहरुमा कार्यरत विद्यालय कर्मचारी तथा वालविकास शिक्षकहरुलाई नेपाल सरकारद्वारा न्यूनतम परिश्रमिकको व्यवस्थापन गर्ने कानुनी व्यवस्था गरे अनुसार स्थानिय तहले थप गर्नु पर्ने रकमको व्यवस्थापन गर्ने उद्देश्यले वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक व्यवस्थापन गर्न त्रिवेणीनगरपालिकाबाट उपलव्ध हुने अनुदानको आधार तय गर्न, अनुदानको उच्चतम उपयोगमा सघाउ पुर्याउन तथा विद्यालयहरुको वित्तिय सुशासन, पारदर्शिता तथा व्यवस्थापनमा सुधार ल्याई गुणस्तरिय शिक्षाको प्रत्याभुतिका लागि सहजिकरण गर्न वान्छनीय भएकोले नेपाल सरकारको निति र शिक्षाविकास तथा मानवस्रोत विकासकेन्द्रको कार्यक्रम कार्यान्वनयन निर्देशिका कार्यान्वन गर्न त्रिवेणीनगरपालिकाको शिक्षा ऐन तथा नियमावलिको परिच्छेद १४ को दफा ८२ मा व्यवस्था भए अनुसार यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

# परिच्छेद १

# प्रारम्भिक

# संक्षिप्त नाम र परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम " वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक व्यवस्थापन कार्यविधि, २०७८" रहेको छ ।

ख) यो कार्यविधि त्रिवेणी नगरपालिकामा संचालनमा रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरु र वालविकासकेन्द्रहरुमा लागु हुने छ ।

ग) यो कार्यविधि त्रिवेणी नगरकार्यपालिकाबाट स्वीकृत भएकै मितिबाट लागु हुने छ ।

**२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) "प्रमुख" भन्नाले त्रिवेणीनगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले त्रिवेणी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ग) "शाखा" भन्नाले त्रिवेणीनगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

घ) "सशर्त आधारभुत अनुदान" भन्नाले संघिय र प्रदेश सरकाद्धारा निश्चित शिर्षक तोकी स्वीकृत मापदण्डमा आधारित रहि तोकिएको शिर्षकमा मात्र खर्च गर्न पाइने आर्थिक वर्षको सुरुमा तथा समय समयमा प्राप्त हुने अनुदानलाई सम्झनु पर्दछ ।

ङ) "एकमुष्ठ अनुदान" भन्नाले हालसम्म कुनै पनि स्वीकृत,राहत तथा अनुदान शिक्षक दरबन्दी नभएको र यस्तो दरवन्दी नलिने शर्तमा सामुदायिक विद्यालयले प्राप्त गर्ने एकमुष्ठ अनुदानलाई सम्झनु पर्दछ ।

च) "कार्यसम्पादन अनुदान" भन्नाले विद्यालयले तोकिएको कार्यहरु समयमै सम्पन्न गर्ने विद्यालयलाई विद्यालयको थप क्षमता अभिवृद्धी गर्न दिइने थप अनुदानलाई सम्झनु पर्दछ ।

छ) "विज्ञान विषय संचालन गर्ने विद्यालयलाई अनुदान" भन्नाले कक्षा ११ र १२ मा विज्ञान विषयको अध्यापन गराउने सामुदायिक विद्यालयलाई अन्य अनुदानका अतिरिक्त दिइने थप अनुदानलाई सम्झनु पर्दछ ।

ज) "प्राविधिक तथा व्यवसायिक माद्यमिक विद्यालय संचालन गर्ने विद्यालयलाई अनुदान" भन्नाले कक्षा ९ देखि प्राविधिक तथा व्यवसायिक विषयको अध्यापन गराउने सामुदायिक माद्यमिक विद्यालयलाई दिइने थप अनुदानलाई सम्झनु पर्दछ ।

झ) "शिक्षण सिकाइ अनुदान" भन्नाले माद्यमिक तहको शिक्षक अभावलाई कम गर्नका लागि प्रतिशिक्षकका दरले वार्षिक एकमुष्ठ रुपमा दिइने सशर्त अनुदानलाई सम्झनु पर्दछ । साथै स्थानिय सरकारद्धारा माद्यमिक तह सम्म संघ तथा प्रदेश सरकारबाट प्राप्त स्वीकृत स्थायी, राहत, अनुदान कोटाबाहेक आवस्यक शिक्षक व्यवस्थापनका लागि वार्षिक एकमुष्ठ रुपमा दिइने अनुदान समेत सम्झनु पर्दछ ।

ञ) "ऐन" भन्नाले त्रिवेणीनगरपालिका शिक्षा ऐन २०७४ लाई सम्झनु पर्दछ ।

ट) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट तथा नगर सरकारबाट नियमित अनुदान प्राप्त गरिरहेका विद्यालयहरुलाई सम्झनु पर्दछ ।

ठ) "मन्त्रालय" भन्नाले शिक्षा मन्त्रालयलाई सम्झनु पर्दछ ।

ड) "केन्द्र" भन्नाले शिक्षा तथा मानवस्रोत विकास केन्द्रलाई सम्झनु पर्दछ ।

ढ) "नमुना विद्यालय" भन्नाले नेपाल सरकारले नमुना विद्यालय ब्यवस्थापन निर्देशिका २०७४ वमोजिम छनौट, विकास तथा ब्यवस्थापन भएका विद्यालयलाई सम्झनु पर्दछ ।

ण) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट तथा नगर सरकारबाट नियमित अनुदान प्राप्त गरिरहेका विद्यालयहरुलाई सम्झनु पर्दछ ।

त) "वालविकास शिक्षक" भन्नाले नेपाल सरकारबाट तथा नगर सरकारबाट प्राप्त कोटामा नियुक्ती पाएका शिक्षकलाई सम्झनु पर्दछ ।

थ) "विद्यालय कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत कार्यालय सहयोगि र माद्यमिक विद्यालयमा लेखाको काम गर्ने कर्मचारीलाई सम्झनु पर्दछ ।

# परिच्छेद २

## विद्यालय छनौट तथा वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक अनुदान वितरण

**३.विद्यालय छनौटका आधारहरुः वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक अनुदान वितरणका लागि विद्यालय छनौटका आधार देहायबमोजिम हुनेछन्ः**

क) विद्यालय कर्मचारीहरु मध्ये कार्यालय सहयोगीहरुको पारिश्रमिक व्यवस्थापनका लागि त्रिवेणी नगरपालिका भित्र संचालित सम्पूर्ण सामुदायिक विद्यालयहरु ।

ख) विद्यालय कर्मचारीहरु मध्ये लेखाको काम गर्ने कर्मचारीहरुको पारिश्रमिक व्यवस्थापनका लागि त्रिवेणी नगरपालिका भित्र संचालित सम्पूर्ण माद्यमिक सामुदायिक विद्यालयहरु ।

ग) त्रिवेणी नगरपालिकाभित्र सामुदायिक विद्यालय तथा समुदायमा संचालित नेपाल सरकारबाट अनुमति प्राप्त वालविकास केन्द्र एवं नगरपालिकाबाट अनुमति प्राप्त वालविकास केन्द्र ।

४. वालविकास शिक्षक तथा विद्यालय कर्मचारीको न्युनतम पारिश्रमिक पुर्याउन थप अनुदान उपलव्ध गराइनेः

क) त्रिवेणी नगरपालिकाले त्रिवेणी नगरपालिका भित्र संचालित नेपाल सरकारबाट अनुदान प्राप्त वालविकास केन्द्र र सामुदायिक विद्यालयहरुमा कार्यरत कार्यालय सहयोगि, माद्यमिक विद्यालयका लेखापाल र वालविकास शिक्षकहरुको पारीश्रमिकमा प्रति महिना रु. ७००० का दरले १३ महिनाको पारीश्रमिक रकम सामुदायिक विद्यालय तथा वालविकास केन्द्रहरुलाई उपलव्ध गर्ने ।

ख) नगरपालिकाबाट अनुमति प्राप्त वालविकास केन्द्रहरुलाई नगर कार्यपालिकाको निर्णय बमोजिम मासिक रु. १०,००० (दश हजार) मा नघट्ने गरि १३ महिनाको पारीश्रमिक रकम व्यवस्थापन गरि सम्बन्धित वालविकास केन्द्रलाई उपलव्ध गर्ने ।

# परिच्छेद ३

## वालविकास शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ती र सेवा शर्त सम्बन्धी व्यवस्था

५. वालविकास शिक्षक तथा विद्यालय कर्मचारीको भर्ना सम्बन्धी व्यवस्थाः विद्यालयले वालविकास शिक्षक तथा विद्यालय कर्मचारीको सेवा लिंदा देहायअनुसार गर्नु पर्ने छः

क) सम्बन्धित तहमा शिक्षा ऐन र नियमावलि अनुसार प्रचलित ऐन तथा नियमावलिमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा गर्ने।

ख) छनौट भएका वालविकास शिक्षक तथा विद्यालय कर्मचारीको विद्यालय तथा वालविकास केन्द्रले करार सम्झौता गर्ने । यो करार अवधि सामान्यतः एक शैक्षिक सत्रको लागि हुने ।

ग) यो कार्यविधी लागु हुनुपूर्व नियुक्तीपाई सेवामा कार्यरत वालविकास शिक्षक तथा विद्यालय कर्मचारीको शिक्षा ऐन र नियमावलि अनुसार प्रचलित ऐन तथा नियमावलिमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा नियुक्ती भएको मानिनेछ तर प्रत्येक वर्ष करार सम्झौता थप गर्नु पर्नेछ ।

६. शिक्षकको सेवा शर्त सुविधाः यस कार्यविधि अनुसार शिक्षण सिकाइ अनुदान कोटामा छनौट भएका शिक्षकले देहाय अनुसारको सुविधा पाउनेछन् :

क) त्रिवेणी नगरपालिकाले त्रिवेणी नगरपालिका भित्र संचालित नेपाल सरकारबाट अनुदान प्राप्त वालविकास केन्द्र र सामुदायिक विद्यालयहरुमा कार्यरत कार्यालय सहयोगि, माध्यमिक विद्यालयका लेखापाल र वालविकास शिक्षकहरुको पारीश्रमिकमा प्रति महिना रु. ७००० का दरले १३ महिनाको पारीश्रमिक रकम सामुदायिक विद्यालय तथा वालविकास केन्द्रहरुलाई उपलव्ध गर्ने ।

ख) नगरपालिकाबाट अनुमति प्राप्त वालविकास केन्द्रहरुलाई नगर कार्यपालिकाको निर्णय बमोजिम मासिक रु. १०,००० (दश हजार) मा नघट्ने गरि १३ महिनाको पारीश्रमिक रकम व्यवस्थापन गरि सम्बन्धित वालविकास केन्द्रलाई उपलव्ध गर्ने ।

ग) वालविकास शिक्षक तथा विद्यालय कर्मचारीले नगरपालिकाबाट चाडपर्व खर्च बाहेक अन्य सुविधा नपाउने ।

घ) कार्यविधि बमोजिमको करार सेवा दिने व्यक्तिले नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको सार्वजनिक विदा, प्रदेश सरकारले राजपत्रमा प्रकाशित सार्वजनिक विदा बाहेक शिक्षा नियमावलीमा तोकिए अनुसारको भैपरी बिदा मात्र पाउने ।

ङ) यस कार्यविधि अनुसार नियुक्ति भएको वालविकास शिक्षक तथा विद्यालय कर्मचारीले नेपाल सरकारले तोकेको भन्दा थप सुविधाको दाबी गर्न पनि नपाउने ।

यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएतापनि एकमुष्ट अनुदानबाट संचालित विद्यालयहरुमा विद्यालयहरुले वालविकास केन्द्रको अनुमति माग गरेमा एकमुष्ट अनुदान रकमबाट विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार नेपाल सरकारले तोके भन्दा बढी नहुने गरी पारीश्रमिक निर्धारण गर्न सकिने छ ।

७. करार सम्झौता रद्द हुनेः देहायको अवस्थामा विद्यालयले जुनसुकै बखत सम्बन्धित वालविकास शिक्षक तथा विद्यालय कर्मचारीको करार सम्झौता रद्द गर्न सक्ने छ :

क) विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी विद्यालयमा अनुपश्थित भएमा ।

ख) करार सम्झौतामा उल्लेख गरिएका शर्तहरु पालना नगरेमा ।

ग) वालविकास शिक्षक तथा विद्यालय कर्मचारीको आचार संहिताको पालना नगरेमा ।

घ) विद्यालयले तोकेका अन्य कार्यहरु सन्तोषजनक रुपमा नगरेमा ।

ङ) प्रचलित शिक्षा ऐन निमावलि अनुसार कसुरदार ठहरिएमा ।

दफा (७)बमोजिम करार सम्झौता रद्द गर्दा वालविकास शिक्षक तथा विद्यालय कर्मचारीलाई प्रचलित कानुन अनुसार सफाइको मौका नदिई सेवाबाट हटाउन पाइने छैन ।

# परिच्छेद ४

# विभिन्न निकायहरुको भूमिका

**८. नगर कार्यपालिकाको भूमिकाः** नगर कार्यपालिकाको भूमिका देहाय बमोजिम हुने छः

क) तोकिएको आधार बमोजिम वालविकास शिक्षक तथा विद्यालय कर्मचारीको पारिश्रमिककालागि विद्यालयहरुको संख्या यकिन गर्ने ।

ख) यस कार्यविधि अनुसार वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक दिइने विद्यालयहरुलाई प्रदान रकमको व्यवस्थापन गर्ने ।

ग) विद्यालयले प्राप्तगर्ने वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक सम्बन्धमा स्थानिय तहको शिक्षा शाखालाई आवस्यक समन्वय र मार्गदर्शन गर्ने ।

घ) वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय तह तथा विद्यालयस्तरको क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने ।

ङ) यस कार्यविधिमा उल्लेखित वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक अनुदान सम्बन्धी ब्यवस्था प्रचलित नियमानुसार परिमार्जन गर्ने ।

च) आवश्यक्ता अनुसार अन्य कार्य गर्ने गराउने ।

**९. नगरपालिका शिक्षा शाखाको भूमिकाः** नगरपालिका शिक्षा शाखाको भूमिका देहाय बमोजिम हुने छः

क) यस बार्यविधि बमोजिम वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक प्राप्त गर्ने विद्यालय तथा वालविकास शिक्षक तथा विद्यालय कर्मचारिहरुको विवरण अद्यावधिक गर्ने ।

ख) विद्यालयले प्राप्त गर्ने वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक अनुदान रकमको एकिन गर्ने ।

ग) विद्यालयमा जाने वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक अनुदान समयमै निकासा गर्ने ।

घ) विद्यालयमा निकासा भएको वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक अनुदान र खर्च गर्ने आधारहरु विद्यालयलाई उपलव्ध गराउने र सो को सार्वजनिक गरी सरोकारवालाहरुलाई सुसूचित गर्ने ।

ङ) आवश्यक्ता अनुसार अन्य कार्य गर्ने गराउने ।

**१०.** विद्यालय**को भूमिकाः** शिक्षण सिकाइ अनुदानका लागि छनौट भएका विद्यालयको भूमिका देहाय बमोजिम हुने छः

क) प्रचलित नियमावली अनुसार वालविकास शिक्षक तथा विद्यालय कर्मचारी नियुक्तिको व्यवस्था मिलाउने ।

ख) छनौट भएका वालविकास शिक्षक तथा विद्यालय कर्मचारीको करार सम्झौता गर्ने ।

ग) वालविकास शिक्षक तथा विद्यालय कर्मचारीको लागि थप आचारसंहिता आवस्यक पर्ने भए सोको तयारी गरी विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई कार्यान्वयन गर्ने ।
घ) करार सम्झौतामा उल्लेख भए अनुसारको सुविधाहरु उपलव्ध गराउने ।
ङ) यस कार्यविधि अनुसार कुनै एक पक्षले करार सम्झौता भंग गरेमा वा अन्य कुनै कारणले शिक्षण/कार्यालयको सेवा उपलब्ध नभएमा बाँकि अवधिको लागि प्रचलित कानून बमोजिम वालविकास शिक्षक तथा विद्यालय कर्मचारीको व्यवस्था गर्ने ।
च) स्थानिय तहले तोकेका अन्य कार्य तथा निर्देशन अनुसार कार्य गर्ने ।

**११.** विद्यालय **व्यवस्थापन समितिको भूमिकाः** वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक अनुदानमा विद्यालय व्यवस्थापन समितिको भूमिका देहाय बमोजिम हुने छः

क) विद्यालय संचालनकालागि आवस्यक स्रोत जुटाउने तथा परिचालन गर्ने ।
ख) वार्षिक योजना अनुरुप संचालन हुने क्रियाकलापहरुको नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने ।
ग) तोकिएको ढाँचामा लेखा राखी नियमित लेखा परीक्षण गराउने ।

**१२.** विद्यालय **शिक्षक अभिभावक संघको भूमिकाः** वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक अनुदानमा विद्यालय शिक्षक अभिभावक संघको भूमिका देहाय बमोजिम हुने छः

क) विद्यालयले वार्षिक रुपमा कार्यान्वयन गरेको कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धि गर्नुका साथै प्राप्त अनुदानको सदुपयोगकालागि सामाजिक लेखा परीक्षण गराउने ।

**१३.प्रधानाध्यापकको भूमिकाः** वालविकास शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक अनुदानमा विद्यालयका प्रधानाध्यापकको भूमिका देहाय बमोजिम हुने छः

क) विद्यालयको वार्षिक योजना तयार गर्ने ।
ख) विद्यायमा प्राप्त हुने सशर्त तथा अन्य सवै प्रकारका अनुदान माग गर्ने ।
ग) विद्यालयलाई प्राप्त अनुदान रकम आफ्नो वार्षिक योजना अनुसार तोकिएको कार्यक्रममा खर्च गर्ने ।
घ) विद्यालयले सवै आर्थिक कारोवारको नियमावलिले तोके अनुसारको ढाँचामा लेखा राख्ने ।
ङ) नियमित रुपमा सामाजिक लेखापरीक्षण र सामाजिक लेखापरीक्षण गर्ने तथा सोको प्रतिवेदन नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउने ।
च) नगरपालिका तथा विद्यालय व्यवस्थापन समितिले तोकिएका अन्य कार्य गर्ने ।

# परिच्छेद ५
# विविध

**१४.** थप सुविधा उपलव्ध गराउन सक्नेः यस कार्यविधि अनुसार भर्ना भएको वालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक विद्यालयले आफ्नो स्रोतबाट थप सुविधा उपलव्ध गराउन सक्ने छ ।

**१५.** कार्यविधिको व्यख्या गर्न सक्नेः कार्यविधिमा उल्लेख भएका व्यवस्था हरुले काम कार्वाहिमा अस्पष्टता सिर्जना गरेमा कार्यविधिको मर्म तथा प्रचलित कानुनको प्रतिकुल नहुने गरी आवस्यक व्यख्या गर्ने अधिकार नगर कार्यपालिकाको हुने छ ।

**१६.प्रचलित कानुन अनुसार हुनेः यस कार्यविधिमा लेखिएका विषयहरु यसै कार्यविधि अनुसार हुने छन् र यसमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानुन अनुसार हुने ।**

**१७.** पारिश्रमिक संशोधन गर्नेः यस कार्यविधिमा रहेको वालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक कार्यपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम,आवस्यकता र औचित्यताको आधारमा संशोधन गर्न सक्ने छ ।

**१८.** बाझिएमा अमान्य हुनेः यो कार्यविधि प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म प्रचलित कानुन नै मान्य हुने छ ।कार्यविधिमा उल्लेख भएका व्यवस्था हरुले काम कार्वाहिमा अस्पष्टता सिर्जना गरेमा कार्यविधिको मर्म तथा प्रचलित कानुनको प्रतिकुल नहुने गरी आवस्यक व्यख्या गर्ने अधिकार नगर कार्यपालिकाको हुने छ ।

**१९.अन्यः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कार्यक्रमको प्रगतिको आधारमा नगर कार्यपालिकाले अनुदानको रकम उपलव्ध गराउने छ, कार्य प्रगति नदेखिएको र समयमानै कार्यसम्पन्न नगर्ने विद्यालयलाई अनुदान रकम दिन नगर कार्यपालिका बाध्य हुने छैन तथा त्यसबाट सिर्जित परिस्थितिको सम्पूर्ण जिम्मेवार सम्बन्धित विद्यालय हुने छ ।

आज्ञाले,

चिरन्जीवि प्रशाद शाह

नि.प्रमुख प्रशासकीय अधिकृत